# रिब्दीकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल
website: www.ribdikotmun.gov.np
Email: info@ribdikotmun.gov.np


प.स: ०७८/०७९
च.न २५५

मिति २०७८।५।२७

**बिषय: विद्यालय सञ्चालन गर्ने सम्बन्धी सूचना ।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
रिब्दीकोट गाउँपालिका, पाल्पा ।

प्रस्तुत बिषयमा यस गाउँपालिकाका सबै विद्यालयहरुमा बैकल्पिक विधिवाट कक्षा सञ्चालन हुदै आएकोमा मिति २०७८।०५।२३ को डिसिसिएमसी पाल्पाको बैठकको निर्णय र यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७८।०५।२७ गतेको निर्णय अनुसार वडा शिक्षा समिति, वि.व्य.स, शि.अ.सघं र प्राथमिक स्वास्थ्य केन्द्र र वडा स्वास्थ्य चौकी सँगको समन्वयमा स्मार्ट लकडाउन सम्बन्धी कार्यविधिको अधिनमा रहि तपसिलका शर्तहरु पालना गर्ने गरी मिति २०७८।०५।२८ गतेबाट भौतिक रुपमा विद्यालय संचालन गर्नुहुन अनुरोध छ ।

तपसिल

१) नेपाल सरकारवाट जारी भएको स्मार्ट लकडाउन निर्देशिका बमोजिमका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने ।
२) कोभिड - १९ बाट बच्ने सुरक्षा तथा स्वास्थ्य मापदण्डहरु पुर्णरुपमा पालना गर्ने ।
३) कोभिड - १९ का लक्षण देखिएका वा अन्य स्वास्थ्य समस्या भएका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई विद्यालयमा उपस्थित नगराई स्वास्थ्य संस्थामा सम्पर्क गर्न लगाउने ।
४) माक्स, सेनिटाईजर लगाएत साबुन पानी सहितको हातधुने व्यवस्था विद्यालयले व्यवस्थापन गर्ने ।

**बोधार्थ:**

श्री सबै वडाकार्यालयहरु र वडा शिक्षा समितिहरु, रिब्दीकोट गाउँपालिका पाल्पा ।
आ-आफ्नो वडा भित्रका विद्यालयहरुलाई उपरोक्त अनुसार संचालनको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

प्रेमचन्द्र अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गुणस्तरीय आर्थिक, सामाजिक, भौतीक पूर्वाधार विकासको माध्यमद्धारा समृद्ध रिब्दीकोट ।